# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: ४३९

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति : २०८२/०६/२९

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८२/०६/३१ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : दिनको ११:०० बजे

.............................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner

# बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: ४२९

मिति : २०८२/०६/२९

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

तपसिल :

मिति : २०८२/०६/३१ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : दिनको ११:०० बजे

.............................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**मिति २०८२/०६/३१ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा ।

३. विविध विषयका सम्बन्धमा ।

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८२/०६/३१ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा ज्यूको** अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति :</u>

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री बुद्धि प्रसाद सुवेदी | लेखा अधिकृत |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

**बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०६/३१ गतेको आ.व. २०८२/०८३ को तेस्रो बैठकका निर्णयहरु :**

**<u>निर्णय नं.१ :</u>**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**<u>निर्णय नं. २ :</u>**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखराको मिति २०८२/०६/२८ गते प्रकाशित नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार **"डिजिटल बौदीकाली/स्मार्ट पालिका निर्माण परियोजना"** शिर्षक छनौट गरिएकोले नवप्रवर्तन साझेदारी परियोजना संचालन कार्यविधि, २०८२ को अनुसूची-२ बमोजिमको ढांचामा आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र गुगल फर्म मार्फत आवेदन पेश गर्ने निर्णय गरियो । साथै सो परियोजना संचालनको लागि लागत साझेदारी र बजेट सुनिश्चिततामा प्रतिवद्ध रहने समेत निर्णय गरियो । उक्त परियोजना संचालनको लागि यस बौदीकाली गाउँपालिकाको तर्फबाट प्रशासकीय अधिकृत, अधिकृत सातौं श्री नारायण खत्रीलाई फोकल पर्सनको जिम्मेवारी दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ३:</u>**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- जिल्ला निर्वाचन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प.सं. २०८२/०८३ च.नं. २४ मिति २०८२/०६/२७ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । मिति २०८२/११/२१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनलाई मध्यनजर गरी यस गाउँपालिकाभित्र रहेका मतदान स्थलहरुमा विगतको निर्वाचनको आधारमा पुनरावलोकन गर्नुपर्ने भए मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०८१ संलग्न राखी वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।
- कर्मचारी आवास मितव्ययी गर्न रकुवा प्राथमिक स्वास्थ्य केन्द्रको पुरानो भवनलाई प्राविधिक लागत इस्टिमेट बमोजिम मर्मत सम्भार गरी आवासको व्यवस्था मिलाउने निर्णय गरियो । साथै मर्मत सम्भार पश्चात **"निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च"** शिर्षकबाट सम्बन्धित फर्मलाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०६/३१ गतेको आ.व. २०८२/०८३ को तेस्रो बैठकका निर्णयहरु :

- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको प.सं. २०८२/०८३ च.नं. ११३ मिति २०८२/०६/०८ गतेको प्रत्र प्राप्त भई व्यहोरा अवगत भयो । सोहि सन्दर्भमा सार्वजनिक निकायको पदाधिकारी र कर्मचारीलाई कानून बमोजिम गठन भएको समितिको वैठक वापत आ.व. २०८२/०८३ को साउन र भदौ महिनाको मात्र वैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै अव उपरान्त सार्वजनिक निकायको पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि वैठक भत्ता उपलब्ध नगराउने निर्णय गरियो । साथै सार्वजनिक संरचनाको पुननिर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यावाथापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुन प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने लगायतका विषयमा छलफल गरी सोहि अनुसार गर्ने भनी निर्णय गरियो ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा, सिंहदरवार, काठमाडौंको प.सं. २०८२/०८३ च.नं. ७० मिति २०८२/०६/२६ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । आर्थिक मितव्ययीलाई उच्चतम प्राथमिकतामा राखी यस बौदीकाली गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, शिक्षकहरु, स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको नाममा कुनै किसिमको भत्ता उपलब्ध नगराउने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँ केरमटार स्थित मिलिजुली समूहलाई बन्दीपुरे चौतारीको भवनको १ वटा कोठा उक्त समूहको सामाग्रीहरु राख्नका लागि उपभोग गर्न दिने निर्णय गरियो ।
- रुचाङ्ग स्वास्थ्य चौकीको भवन र ४ नं. वडा कार्यालय, रुचाङ्गको भवनमा अर्थिङ्ग (Earthing) र विद्युत नभएको अवस्थामा वैकल्पिक स्रोत व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको कामकाजलाई व्यवस्थित तथा प्रभावकारी बनाउन संगठन तथा संरचना (O&M) निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको आ.व. २०८०/०८१ को ठेक्का BRM/SQ/WORKS-01/2080/081 र BRM/SQ/WORKS-02/2080/081 (5 No. Ward Office Construction र 1 No. Ward Office Construction) सम्झौता अनुसार भवनको काम सम्पन्न भए पश्चात मात्र सम्बन्धित फर्मलाई नियमानुसार रकम भुक्तानी दिने निर्णय गरियो ।
- विगतमा भएको दायित्व बाँकी रहेको मेडिकल अधिकृत निवासको २०८२ साल वैशाख, जेठ र असार महिनाको बाँकी रकम नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०६/३१ गतेको आ.व. २०८२/०८३ को तेस्रो बैठकका निर्णयहरु :

- विगतमा भएको दायित्व बाँकी रहेको रुचाङ्ग स्वास्थ्य चौकी र नरम स्वास्थ्य चौकीको १ वर्ष वापतको इन्टरनेट महशुल शुल्क FiberWorld Communications Pvt.Ltd., Devchuli-16, Nawalparasi (Bardaghat Susta East) लाई नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।
- कार्यालय संचालनमा असहजता हुने देखिएकोले विगत देखि हालसम्म यस बौदीकाली गाउँपालिकामा OVOT, अमिन र स्वकीय सचिव (बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय) पदमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन निर्माण (O & M) का लागि गण्डकी प्रदेश सरकार स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९, को दफा ८ को उपदफा १ मा भएको व्यवस्था अनुसार संगठन संरचना तथा व्यवस्थापन निर्माण (O & M) का लागि तपसिल बमोजिमको पुनरावलोकन समिति गठन गर्ने निर्णय गरियो ।

  तपसिल :

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री राकेश कुमार चौधरी | संयोजक |
| लेखा अधिकृत श्री बुद्धि प्रसाद सुवेदी | सदस्य |
| शिक्षा अधिकृत श्री जिवलाल सुवेदी | सदस्य |
| इन्जिनियर श्री दिलिप खाँण | सदस्य |
| प्रशासकीय अधिकृत श्री राधिका रिजाल | सदस्य |
| प्रशासकीय अधिकृत श्री नारायण खत्री | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख श्री मेघ बहादुर ठाडा | सदस्य |
| सूचना प्रविधि अधिकृत श्री मिलन श्रेष्ठ | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख श्री तपराज साउद | सदस्य |
| प्राविधिक सहायक श्री सुवास ढकाल | सदस्य |
| सहायक कम्प्युटर अधिकृत श्री शिवराज पौडेल | सदस्य |

- बौदीकाली गाउँपालिकाभित्र बग्ने बौदीखोला, निरन्दी खोला, चुवादी खोला र इल्दी खोला किनारघाट अन्तर्गतका ढुङ्गा, गिट्टी तथा बालुवाजस्ता नदिजन्य पदार्थ संकलन, उत्खनन् र बिक्रि वितरण कार्य संचालनका लागि नियमानुसार प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

CamScanner